# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १, चाविनपा, असार ३२ गते २०७५ साल (संख्या २८)

नगर कार्यपालिकाको मिति २०७४ चैत्र ३० गते स्वीकृत भएको देहाय बामोजिमको कार्यविधि स्थानीय सरकार साचालन ऐन ,२०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## चामुण्डाविन्द्रासैनी नगरपालिकाको एक वन एक जनप्रतिनिधि वन संरक्षण कार्यक्रम सँचालन कार्यविधि २०७५

*प्रस्तावना :*

चामुण्डाविन्द्रासैनी नगरपालिकामा सार्वजनिक सामुदायिक र कवुलियत वन सारक्षण गरि प्रकृतिक वन सम्पदाको दिगो विकासद्धारा जलवायू परिवर्तनका असरहरुको न्यूनीकरण गर्ने र भावि सन्ततिको लागि समेत पारिस्थितिक प्रणालीलाई कायम राख्न बान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोगगरी चामुण्डाविन्द्रासैनी नगर कार्यपालिकाले यो "चामुण्डाविन्द्रासैनी नगरपालिकाको एक वन एक जनप्रतिनिधि वन सारक्षण कार्यक्रम साचालन कार्यविधि २०७५" जारी गरेकोछ ।

१) साछिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "चामुण्डाविन्द्रासैनी नगरपालिकाको एक वन एक जनप्रतिनिधि वन सारक्षण कार्यक्रम साचालन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क)"नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।

ख)"नगर प्रमुख "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

ग)"नगर उप प्रमुख "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ ।

घ) सदस्य भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पछ ।

ङ) " अध्यक्ष "भन्नले वडाको अध्यक्ष सम्झनु पर्छ ।

च)" वडा सदस्य "भन्नाले नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ ।

छ)" प्रमुख प्रशासकीय अधिकृत "भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ज) "वन " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र सारक्षित सार्वजनिक बन, सामुदायिक वन ,कबुलियत बन र निजी वन समेतलाई जनाउदछ ।





झ) " जनशक्ति " भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकामा खटिएका वन अधिकृत,रेन्जर,वन रक्षक ,वन हेरालु सम्झनु पर्छ ।

ञ)" जिल्ला प्रशासन कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय दैलेख सम्झनु पर्छ ।

ट)" वन कार्यालय "भन्नाले जिल्ला वन कार्यालय दैलेख सम्झनु पर्छ ।

ठ)"वडाभन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका वडाहरु सम्झनु पर्छ ।

ड) वडा सचिब भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाका वडा सचिब सम्झनु पर्छ ।

३) नगर वन सारक्षण समिति : (१) वन सारक्षण सम्बन्धि नीतिगत व्यवस्था गर्नकालागि चामुण्डाविन्द्रासैनी नगरपालिकाको देहायका सायोजक र सदस्य रहेको नगर वन सारक्षण समिति रहने छ ।

क) नगरप्रमुख संयोजक ।

ख) नगर पउप्रमुख सदस्य

ग) वडा अध्यक्षहरु सबै र कार्यपालिकाको सदस्यहरुबाट महिला,दलित तथा जनजाती मध्येबाट २ जना सदस्य सदस्य ।

घ) नगर प्रहरी चौकी प्रमुख सदस्य ।

ङ ) इलाका वन कार्यालय प्रतिनिधि सदस्य ।

च ) सामुदायीक वन उपभोक्ता समुहका अध्यक्षहरु मध्येबाट १ जना सदस्य ।

छ) उद्योग वाणिज्य साध प्रतिनिधि सदस्य ।

ज)नगर वन शाखा का प्रमुख । वन कार्यक्रम हेर्ने कर्मचारी सदस्य सचिब

२) उपदफा (१) बामोजिमको समितिको काम ,कर्तव्य र अधिकार देहाय बामोजिम हुनेछ ।

(क) वन सारक्षण सम्बन्धि नीतिगत सुधारकोलागि अध्ययनगरी कार्यपालिकालाई सुझाब पेश गर्ने ।

(ख) वन विनासलाई रोक्नकोलागि कार्य योजना तयार गर्ने ।

(ग) जनशक्ति पदपूर्तिकोलागि नगर पदपूर्ति समितिमा सिफारिस गर्ने ।

४) वडा वन सारक्षण समितिको गठन : (१) वन सारक्षण सम्बन्धि नीतिगत व्यवस्था गर्नकालागि चामुण्डाविन्द्रासैनी नगरपालिकाको वडाहरुमा देहायअनुसारको वडा वन सारक्षण समिति रहने छ ।

क) सम्वन्धित वडाको अध्यक्ष संयोजक

ख) सम्वन्धित वडा सदस्यहरु सवै सदस्य

ग) सामुदायिक वनको अध्यक्षहरु मध्येबाट एक महिला सहित २ जना सदस्य

५) नगर वन जनशक्तिको दरवन्दी: (१) एक वन एक जनप्रतिनिधि वन सारणकोलागि देहाय बामोजिम दरवन्दी रहनेछ ।

क) वन अधिकृत १ जना ।

ख) रेन्जर २ जना

ग) बन हेरालु ,श्रेणी विहिन , ९ जना ।

(२) वन अधिकृतको योग्यता : देहायको योग्यता हुनु पर्ने छ ।

क) नेपाली नागरिक ।

ख) मान्यता प्राप्त शिक्षण सास्थाबाट विएससि फरेष्टीमा स्नातक तह अध्ययन गरेको लिएको ।

ग) कम्तिमा २ वर्षको अनुभव ।

घ) २१ वर्ष उमेर पूरा भएको ४० वर्ष ननाघेको ।

(३) रेन्जरको योग्यता : देहायको योग्यता हुनु पर्नेछ ।

क) नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पूरा भएको ४० वर्ष ननाघेको ।
ग) मान्यता प्राप्त शिक्षण सस्थाबाट आई एस्सी फरेष्टी कोर्ष उत्तिर्ण गरेको ।
४) वन हेरालु को योग्यता : देहायको योग्यता हुनु पर्नेछ ।
क) नेपाली नागरिक ।
ख) आधारभूत विधालयबाट ५ कक्षा उत्तिण गरेको ।
ग) १८वर्ष उमेर पूरा भएको ४५ वर्ष ननाघेको । तर स्थानीय तहमा यो भन्दा अघि स्थायी वा अस्थायी वा करार कुनै प्रकृयाबाट कार्यरत वन हेरालुको हकमा उमेरको हद कायम रहने छैन ।
घ) निरोगी ।
६) दफा ५ को उपदफा (१) बामोजिमको पदहरुको पदपूर्ति देहाय वामोजिम कुनैपनि एक आधारमा सेवा करार मा गरिनेछ ।
कं) लिखित वा अन्तरवार्ता ।
ख) सोझै वार्ता द्धारा ।
७) दफा ५ को उपदफा (१) बामोजिमको पदहरुको सेवा र सुविधा दुबै पक्षको करार साझौता अनुसार हुनेछ । तर साघ र प्रदेश सरकारद्धारा समान पद र तहलाई तोकिएको सुविधा भन्दा बढी हुनेगरी सम्झौता गरिने छैन । तर , वडाबाट एक वन एक जनप्रतिनिधि वन सारक्षण कार्यक्रम साचालन गर्न प्रत्येक वर्ष वजेट विनियोजन गरि कार्यक्रम साचालन गरेमा कार्यक्रम साचालन गर्न आबश्यक जनशक्ति सोही कार्यक्रम बामोजिम हुनेछ ।
८) कोष : (१) नगरपालिकामा एक वन एक जनप्रतिनिधि कोषको स्थापना गरिनेछ ।
(२) कोषमा देहायको रकम रहनेछ ।
क) नगर सभाबाट विनियोजित अनुदान रकम ।
ख) सरकारी तथा गैर सरकारी साध सस्थाबाट प्राप्त अनुदान ।
ग) वन सम्पादाको विक्रीबाट प्राप्त रकम ।
घ) अन्य ।
३) कोषको रकम नगर सभाबाट स्वीकृत कार्य योजना तथा कार्यक्रम बामोजिम खर्च गर्न सकिनेछ ।
(२) विनियोजन ऐन बामोजिम हुनेछ ।
९) यसमा उल्लेख नभएको जाीवाना र पुरस्कार तथा अन्य विषयमा : वन ऐन,२०४९ तथा नियमावली र निर्देशिका र वामोजिम हुनेछ ।

................

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५/०३/३२